# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## उमाकुण्ड गाउँपालिका, रामेछाप

## आर्थिक वर्ष २०७६/७७

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

(बागमती र गण्डकी प्रदे[illegible]ण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं  २०९

मितिः २०७८।५।४

श्री प्रमुखज्यू,
उमाकुण्ड गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
रामेछाप ।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(बागमती र गण्डकी प्रदेश ... निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८।७९
च.नः २१७

मितिः २०७८।५।४

श्री प्रमुखज्यु,
उमाकुण्ड गाँउपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रामेछाप ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

**कैफियत सहितको राय**

हामीले उमाकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु ५ करोड रु. २० लाख ४९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२९ लाख ५८ हजार, अनियमीत भएको रु १ करोड १३ लाख ५३ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड १५ लाख ७९ हजार रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २४ (चौवीस) यसैसाथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरीक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# उमाकुण्ड गाउँपालिका

लेखापरीक्षण प्रतिवेदन

२०७६/७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिकामा ७ वटा वडा र ४५१.९९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ ।

**स्थानीय संचित कोष** – स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिकाहरुले Sub National Treasury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उक्त विद्युतीय लेखा आंशिक प्रयोग गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६/७७ को प्राप्ति भुक्तानी हिसाब निम्न बमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति / भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ति (क+ख)** | | ४९२८५१७९२.६७ | ४८०४२८३८०.१७ | | ४८०४२८३८०.१७ |
| **क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४०५२३०००० | ३८९६७०५७५.५० | | ३८९६७०५७५.५० |
| ११००० कर | ११ | ९३४७१६०३.१० | ६९८९६०४१.५० | | ६९८९६०४१.५० |
| १३००० अनुदान | | | | | |
| संघीय सरकार | १२ | २४९८३९००० | २५२३३८५००० | | २५२३३८५००० |
| प्रदेश सरकार | १२ | ४२०८४००० | ४२०८४००० | | ४२०८४००० |
| १४००० अन्य राजस्व | | १९८३५३९६.९० | २५३०५५३४ | | २५३०५५३४ |
| ख.अन्य प्राप्ति | | ८७६२१७९२.६७ | ९०७५७८०४.६७ | | ९०७५७८०४.६७ |
| वितरण गर्न बांकि राजस्व | | ० | १८५२००० | | १८५२००० |
| कोषहरु | | | ११८०००० | | ११८०००० |
| धरौटी | | | २२३०४९६ | | २२३०४९६ |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | ८७६२१७९२.६७ | ८५४९५३०८.६७ | | ८५४९५३०८.६७ |
| भुक्तानी (ग+घ) | | ६०२८५१७९२.६७ | ४८३७७११०५.४३ | | ४८३७७११०५.४३ |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | | ५१५२३०००० | ३९७०९५७९६.७६ | | ३९७०९५७९६.७६ |
| २१००० पारिश्रमिक/ सुविधा | १८ | ११९९८७९९९.९० | ११६१८००४६.२८ | | ११६१८००४६.२८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ६७०७५००० | ५५७४९३००.०३ | | ५५७४९३००.०३ |
| २५००० सहायता(Subsidy) | १८ | - | - | | - |
| २६००० अनुदान | १८ | ३८५५१००० | ३४४८१७२४ | | ३४४८१७२४ |
| २७०००सामाजिक सुरक्षा | १८ | १०५४६६९९१.१० | ११७५३५५७ | | ११७५३५५७ |
| २८००० अन्य खर्च | १८ | २०४६००९ | २०१८०४१ | | २०१८०४१ |
| ३१००० गैर वित्तिय सम्पत्ती/पूँजीगत खर्च | १८ | १८२१०३००० | १७६९१३१२८.४५ | | १७६९१३१२८.४५ |
| घ.अन्य भुक्तानी | | ८७६२१७९२.६७ | ८५४९५३०८.६७ | | ८५४९५३०८.६७ |
| कोषहरु | | - | ११८०००० | | ११८०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| धरौटी | | - | - | | - |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | ८७६२१७९२.६७ | ८५४९८३०८.६७ | | ८५४९८३०८.६७ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बांकी | | - | - | | - |
| ङ.यो वर्षको बचत(न्युन) | | (११००००००००) | (३३४२७२५.२६) | | (३३४२७२५.२६) |
| च.गतवर्षको जिम्मेवारी रकम(अ.ल्या) | | - | ३३३४७८७०.२६ | | ३३३४७८७०.२६ |
| वर्षान्तको बांकी रकम(ङ+च) | | | ३०००५१४५ | | ३०००५१४५ |
| बैंक तथा नगद बांकी | २४ | - | ३०००५१४५ | | ३०००५१४५ |

| दफा नं. | भौ. नं. मिति र ब्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | **वित्तीय विवरणको विश्लेषणः** | |
| १ | **वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• पालिकाको श्रेस्ता र वैक मौज्दात विच निम्नानुसारको फरक देखिएकोले फरक पर्नुको कारण पत्ता लगाई वैक हिसाव मिलान गर्नुपर्ने देखिन्छ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएता पनि सोले देखाएको वित्तिय प्रतिवेदन यथार्थ रहेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ अनुसार वजेट तयार तथा कार्यान्वयन दुवै गरेको छैन जसले चालु प्रकृतिका काम पूँजीगतमा तथा पूँजीगत कार्यलाइ चालु खर्च शिर्षकमा राखी खर्च गरेको पाइयो।<br>• पालिकाले पालिकामा प्राप्त भएका सम्पुर्ण आम्दानीलाई सञ्चित कोषमा आम्दानी नवाँधी सोझै वैक जम्मा गराउने र वैक स्टेटमेन्टको आधारमा आम्दानी वाँध्ने गरेकोले पालिकाले पेश गरेको वित्तिय विवरणले यथार्थ अवस्था चित्रण गर्दैन।<br>• प्राप्ति भुक्तानी हिसाबका सबै रकम कलमको छुट्टाछुट्टै सहायक खाताहरु प्रमाणित गरी राखेको नपाइएकोले उक्त रकम कलमका आम्दानी एवं खर्चहरुको यथार्थता यकिन गर्न सकिएन ।<br>पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ। | |
| १.१ | **बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण पालिकाले पेश गरेको श्रेस्ता अनुसार कुल रु. ३०००५१४५। बैंक तथा नगद बाँकी देखिन्छ भने बैंक अनुसार रु. ३८९८४९२०।७५ बाँकी रहेको देखिन्छ । रु. ८९७९७७५।७५ बैंक बढी देखिएकोमा बैंक समायोजन हिसाब तयार गरेको देखिएन । | |
| २ | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको वित्तीय प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु. ३१७८७३५६। मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ३३३४७८७०.२६ जिम्मेवारी सारेको देखियो । जस अनुसार वित्तीय विवरणमा उल्लेख भएको भन्दा रु. १५६०५१४।२६ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ । | |
| ३ | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण | |

| | | |
|---|---|---|
| | प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि पालिकाले सञ्चित कोषमा रकम ट्रान्सफर गरेको पाइएन।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेस्ता र वैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br>• दिगो बिकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न व्यक्ति तथा संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस गरेको पाइएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन। | |

| | | |
|---|---|---|
| | • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ र प्रशासनिकतर्फ समेत ९५ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ८३ पदपूर्ती भएको १२ दरवन्दी रिक्त रहेकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था अनुसार योजना तर्जुमा तथा कार्यन्वयन गरेको पाइएन।<br>• फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ तथा नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दिर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन।<br>• सामाजिक सुरक्षा नियमावली २०७६, को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन।<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी २०७५ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण वैकिङ्ग प्रणालीअनुसार गर्नुपर्नेमा पालिकाले हालसम्म पनि वैकिङ्ग प्रणालिवाट सामाजिक सुरक्षा भत्ता वितरण गरेको छैन।<br>• सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि, २०७५ दफा ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेमा नगरेको साथै पालिकावाट पठाएको रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा गाउँपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।<br>• गाउंपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर तथा विद्युतिय सामान लगायतका सम्पत्तीको मुल्याङकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाइएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.१ करोड अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट | |

खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

५ **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूजिगत खर्चको स्थिति देहाय बमोजिम छ। यसरी आर्थिक वर्षको अन्त्यतिर मात्र अधिक खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ।त्यसैले पालिकाले निर्धारीत समयभित्र कार्य सम्पादन गर्नुपर्दछ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | |
|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक |
| गा पा. पुँजिगत | १३७८४९७४१.४५ | १०६३९८१४ | १०३८१९८५.८७ | ११६८२७९४१.५८ |
| प्रदेश पुँजिगत | १५१२५००० | ० | ० | १५१२५००० |
| संघिय पुँजिगत | ९००१४८९ | ० | ० | ९००१४८९ |
| प्रदेश सरकारबाट हस्तान्तरण पुँजिगत | १४९३६८९८ | ० | ० | १४९३६८९८ |
| जम्मा | **१७६९१३१२८.४५** | **१०६३९८१४** | **१०३८१९८५.८७** | **१५५८९३३२८.५८** |
| **प्रतिशत** | **१००** | **६.०१४** | **५.८६** | **८८.११** |

६ **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ।यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट खर्चको स्थितिको शिर्षकगत विवरण पेश नभएकोले क्षेत्रगत वजेट खर्चको शिर्षकगत अवस्था एकिन गर्न सकिएन।खर्चको शिर्षकगत विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | १८७२५००० | १६५३०८४१ | ४.१६ |
| सामाजिक क्षेत्र | २८३९४२९९१ | १८०८७४४९३.८८ | ४५.५५ |
| पूर्वाधार विकास क्षेत्र | १३२२२२००० | १२८०७४४२०.६७ | ३२.२५ |
| सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र | १८६६३००९ | १४७८५६५० | ३.७२ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ६१६७७००० | ५६८३०३९१.०१ | १४.३२ |
| जम्मा | **५१५२३००००** | **३९७०९५७९६.५६** | १०० |

**संगठन तथा कर्मचारी व्यवस्थापनः**

७ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६१ जना कर्मचारीहरु करारमा राखी रु. ७००००००। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले ऐन विपरित कर्मचारी करारमा राखेर खर्च लेखेको नियमसम्मत

देखिएन ।

| बिबरण | संख्या |
|---|---|
| गा. पा. करार | २४ |
| स्वास्थ्य करार | ३२ |
| कृषी करार | ३ |
| पशु करार | २ |
| जम्मा | ६१ |

८ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष शिक्षक प्रोत्साहन रु.१४४२००० र हुलाक कर्मचारी प्रोत्साहन रु. १२६००० गरी जम्मा १५६८००० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु..... १५६८०००

९ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ रहेको र यो बर्ष थप भएको २७ गरी कुल ३३ विवाद दर्ता भएकोमा ३० वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१० **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ।गाउँपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म र मृत्यु दर्ता ३००,,नाता प्रमाणित २०५, नागरिकता सिफारिस ३२० र घरबाटो सिफारिस १५०, वटा दर्ता गरेको पाइयो।पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

| क्र.सं | विवरण | सेवा प्राप्तीका लागी निवेदन संख्या | सिफारिस | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ३५० | ३२० | |
| २ | घरबाटो | १९० | १७५ | |
| ३ | नाता प्रमाणित | २३० | २०५ | |
| ४ | जन्म, मृत्यु, दर्ता | २८० | ३०० | |

**पदाधिकारी सुविधाः**

११ **स्वकिय सचिव तथा कानुनी सल्लाहकार खर्चः** स्थानीय तहाका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७५ मा अध्यक्ष वा अन्य कुनै पदाधिकारीले स्वकिय सचिव वा सल्लाहकार राखि सो वापत सुविधा लिन पाउने व्यवस्था गरेको छैन । गाउँपालिकाको अध्यक्षले निम्न अनुसार त्यस्ता पदाधिकारी राखी सो वापत रु. ७३३२०० खर्च लेखेको छ। उक्त सुविधा खर्च गर्ने आधार पर्याप्त नभएकोले आवश्यक कार्यविधी तयार गरी खर्च व्यवस्थित गर्नु पर्दछ ।

| विवरण | मासिक सुविधा | कुल भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| कानुनी सल्लाहकार जित बहादुर कार्की | २८२०० | ३६६६०० | |
| न्यायिक सल्लाहकार रण बहादुर कार्की | २८२०० | ३६६६०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जम्मा | ७३३२०० | | |

१२ **नर्म्सभन्दा बढी भुक्तानीः** स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ अनुसार वडा अध्यक्षले दै.भ्र. भत्ता दिनको १५०० को दरले पाउने व्यवस्था छ। त्यस्तैगरी सुविधा सम्बन्धी ऐन, २०७५ को पहिलो संशोधन बाट (बैशाख ३) बाट वडा अध्यक्षले दैनिक भ्रमण भत्ता दिनको १२०० को दरले पाउने व्यवस्था रहेकोमा गाउँपालिकाले नर्म्सभन्दा बढी दरमा वडा अध्यक्षहरुले दैनिक भ्रमण भत्ता बुझेको पाईएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु......... १३१००

| भौं. नं. मिति | वडा नं. | TADA सङ्ख्या | दिन | दर हुनुपर्ने | दिएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १५/७६/६/१२ | गा. पा . अध्यक्ष | २ | १२ | १८०० | २००० | २४०० |
| १४८/७७/१/३१ | वडा नं. ३ वडा अध्यक्ष | ८ | ४२ | १५०० | १६०० | ४२०० |
| १४९/७७/१/३१ | वडा नं. ३ वडा अध्यक्ष | ५ | १६ | १५०० | १६०० | १६०० |
| २८५/७७/३६२८ | वडा नं. १ वडा अध्यक्ष | १ | ७ | १५०० | १६०० | ७०० |
| १५४/७७/२/६ | वडा नं. ७ वडा अध्यक्ष | ४ | २४ | १५०० | १६०० | २४०० |
| १९३/७७/२/२२ | वडा नं. १ वडा अध्यक्ष | २ | १२ | १५०० | १६०० | १२०० |
| १९३/७७/२/२२ | वडा नं. १ वडा सदस्य ईश्वरी कार्की | १ | ६ | १५०० | १६०० | ६०० |
| | | | | | जम्मा | १३१०० |

१३ **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.८९९४९३ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१४ **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले प्रयोजनको लागि यो वर्ष विभिन्न ४ व्यक्तिलाई औषधि उपचार खर्च वापत रु. २७२५००। आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१५ **दोहोरो भ्रमण भत्ताः** आर्थिक नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने तथा सोही नियमावलीको नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। यस गा. पा. ले निम्न पदाधिकारिलाई TADA भुक्तानी गर्दा एउटै मितिमा दोहोरो पर्ने गरी भुक्तानी दिएको देखिएकोले दोहोरो परेको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु........ १२०००।

| भौ.नं. /मिति | नाम | TADA अवधी | दोहोरो परेको दिन | बढी रकम (असुल) |
|---|---|---|---|---|
| १५/७६/६/१२ | शेर ब. सुनुवार | ७६/५/२२- ५/२८<br>७६/५/२३ -५/२९ | ६ दिन<br>२००० को दरले | १२००० |

**अनुदान प्राप्ती वितरण र फिर्ताः**

१६ **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण बाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले विभिन्न शिर्षकको रकममध्ये आषाढ मान्तसम्ममा खर्च नभई बाँकी रहेको रकम फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम | फिर्ता मिति |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १३६३८५००० | १२३७९६३९५.३ | १२६८८६०४.७ | २०७७।१०।११ |
| | विषेश | ५०००००० | ४९५२८५३ | ४७१४७ | २०७७।१०।११ |
| | समपुरक | ० | ० | ० | |
| **प्रदेश सरकार** | शसर्त | १२०९९००० | १२०९८३०३ | ६९७ | २०७७।९।१५ |
| | विषेश | ५०३७००० | ४९३७५९५ | ९९४०५ | २०७७।९।१५ |
| | समपुरक | १५१२५००० | १५१२५००० | ० | |
| | **जम्मा** | **१७३७४६०००** | **१६०९१०१४६.३** | **१२८३५८५३.७** | |

| | | |
|---|---|---|
| | **कर दस्तुर एवं आन्तारिक आयः** | |
| १७ | **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ । | |
| १८ | **आम्दानी यकिन नभएको -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ (२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्यय वर्गीकरण तथा खर्च व्यवस्था अवलम्वन गर्नु पर्ने उल्लेख छ । पालिकाले बर्षभरीमा गरेको आम्दानीलाई सोझै संचित कोष र आन्तरिक आम्दानी खातामा आम्दानी बाँध्ने गरेको तर राजस्व आम्दानीसँग सम्बन्धित श्रेस्ता खडा गरी हर हिसाब राख्ने गरेको नपाइएकोले पालिकाको आम्दानी यकिन गर्न सकिएन । तसर्थ पालिकाले राजस्व आम्दानीसँग सम्बन्धित लेखालाई चुस्त दुरुस्त बनाउन ध्यान पुर्याउनु पर्ने देखिन्छ । | |
| १९ | **दहत्तर बहत्तर शुल्क -** पालिकाले अमानतबाट लिखु नदिमा दहत्तर बहत्तर ठेक्का व्यवस्थापन भएको र सोबाट प्राप्त जम्मा रु ४५२०००। आम्दानी मध्ये प्रदेश सरकारलाई रु १००१०२। रकम पठाएको प्रमाण पेश भएकोमा आइ. इ. इ. प्रतिवेदन लगायत ठेक्का व्यवस्थापन सम्बन्धि अन्य कागजात लेखापरीक्षण डोर समक्ष पेश हुन सकेन । यसरी लेखापरीक्षणको निमित्त श्रेस्ता कागजात पेश नगर्नेलाई जिम्मेवार बनाई लेखापरीक्षण गराउनु पर्ने रु | ४५२०००। |
| | **गा.पा.चालुः** | |
| २० | **बैठक भत्ताः** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि, र मितव्ययिता सम्बन्धि निर्देसशिका, २०७५ मा भएको व्यवस्था अनुसार बैठकमा आमन्त्रीत सदस्यका रुपमा थप ब्यक्तीहरु राख्न नपाईने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रीत सदस्यलाई भत्ता प्रदान गर्न सकिने छ। तर यस गा. पा.ले निम्न बैठकमा कानुनले तोकेभन्दा बढी आमन्त्रीत सदस्यहरुलाई भत्ता बितरण गरेको पाईयो। आवश्यक | |

भन्दा बढी आमन्त्रीत सदस्यहरुको भत्ता सम्बन्धीतबाट असुल गर्नुपर्ने रु ९३०००

| भौ. नं./मिति | विवरण | सदस्य संख्या | आमन्त्रीत | बैठक संख्या | बढी संख्या | दर | रकम |
|---|---|---|---|---|---|---|---|
| १६०/७७/२/७ | बोलपत्र सुचना प्रकाशन बैठक | ३ | ९ | ५ | ६ | १५०० | ४५००० |
| | | ३ | ११ | ४ | ८ | १५०० | ४८००० |
| | | | | | | **जम्मा** | ९३००० |

२१ **बिल भर्पाई बेगरको खर्चः** आर्थिक नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने तथा सोही नियमावलीको नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले भौ नं २९/७६/७/६ मा नवराज खड्कालाई गाडी भाडावापत बिल विजक वेगर भुक्तानी दिएको रु. १००००

२१.१ भौ. नं. ३२८/७७/३/३१ मा न्यायिक समिति सचिवालय व्यवस्थापन बापत रण बहादुर कार्किले रु. ७०२५५५ पेश्की लिएकोमा रु.६६८५५५ को मात्र विल भर्पाई पेश भएकोले नपुग रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. २७३१९

२१.२ भौ. नं. ३२८/७७/३/३१ बाट न्यायिक समितिको सदस्य शुसिला आचार्यको मिति २०७६ /११/६ देखि २०७६/११/१२ सम्मको दै. भ्र. भत्ता स्विकृती वेगर खर्च लखेको रु.९१०० सम्बन्धीतबाट असुल गर्नुपर्ने रु ९१००

२१.३ भौ.नं. २१८/७७/३/५ मा कार्यालय भन्दा बाह्य व्यक्ती सन्तोष क्षेत्रीलाई दै.भ्र. भत्ता रु.६२५० भुक्तानी दिईएकोले उक्त रकम असुल गर्नुपर्ने रु...... ६२५०

२२ **दोहोरो सुविधा-** आर्थिक नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने तथा सोही नियमावलीको नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। भौ.नं. ३२७ बाट २०७७/२/२० देखी २/२४ सम्म ५ दिन मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि तालिममा यादव प्रसाद दहालले प्रशिक्षक भत्ता रु. १५००० र दै. भ्र. भत्ता रु. १५००० दुवै सुविधा लिएकोले दोहोरो परेको सुविधा सम्बन्धितबाट असुल गर्नुपर्ने रु १५०००

२३ **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (४) अनुसार सार्वजनिक निकायले एकलाख भन्दा बढी रकमको सोझै खरिद गरेर मौजुदा सूचिमा रहेका कम्तिमा ३ वटा आपूर्ती कर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरि खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले विभिन्न मितिमा रु एकलाख भन्दा बढि मूल्यका मालसामान खरिद गर्दा लिखित दरभाउपत्र, सिलबन्दि प्रस्ताव, वोलपत्र प्रक्रिया बेगर नै रु १६४४२६९ को सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु १६४४२६९

| भौ.नं. /मिति | विवरण | भुक्तानी पाउने फर्म | रकम |
|---|---|---|---|
| ५७/७६/९/२५ | मसलन्द तथा कार्यालय सामान | थापा ईन्टरप्राईजेज एण्ड सप्लायर्स | ३२८१६२ |
| ४६/७६/९/१५ | मसलन्द तथा कार्यालय सामान | अशोक भेराईटी एण्ड सप्लायर्स | ८२८२३ |
| ४७/७६/९/१५ | मसलन्द तथा कार्यालय सामान | सापकोटा स्टोर्स | १९५३७७ |
| ४९/७६/९/१५ | मसलन्द तथा कार्यालय सामान | सगरमाथा कम्प्युटर सेन्टर | २५१९७१ |
| १४/७७/३/९ | ब्याग | P &P import Export pvt. ltd | ३९२९६८ |
| १५/७७/३/९ | ब्याग | P &P import Export pvt. ltd | ३९२९६८ |
| | | **जम्मा** | **१६४४२६९** |

**पूँजीगत तर्फः**

२४ **सोझै खरिद-** सार्वजनिक खरिद ऐनको दफा २(८) मा प्रतिस्पर्धा सीमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने ब्यबस्था उल्लेख छ ।पालिकाले देहायका विभिन्न आपूर्तिकर्ताबाट मालसामान खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्य गरेको ऐनसम्मत नदेखिएको रु................

२३८३०३१

| खर्च शिर्षक | गो.भौ.नं र मिति | आपुर्तिकर्ता | मालसामानको बिबरण | बिल मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| गा.पा.पुँजिगत | ३०/०७६-१०-१७ | दुगर ब्रदर्श एण्ड सन्स प्रा.लि | स्कुटर | २०७६/८/१८ | ३९०९४६/० |
| | ३०/०७६-१०-१७ | ″ | स्कुटर | २०७६/८/४ | ३९०९४६/० |
| संघय शर्सत पुँजीगत | ३/०७७-३-२२ | लोटस इनर्जी काठमाडौ | सोलार प्यानल र इन्सटलेसन | ०७७/३/१२ | २०६७९०/० |
| | ४/०७७-३-२२ | ″ | ″ | ″ | २८८०००/० |
| | ५/०७७-३-२२ | ″ | ″ | ″ | ४९१६७४/० |
| | ११/०७७-३-३१ | जुनकिरी इन्ड्रष्ट्रिज प्रा.ली | झोलुङ्गे पुल सामाग्री | ०७७-३-२३ | ३७१६९७/३१ |
| | ११/०७७-३-३१ | ″ | ″ | ″ | २४२९७८/०२ |
| | | | | **जम्मा** | **२३८३०३१/३३** |

२५ **बढी भुक्तानी —** गाउँपालिकाले देहायबमोजिम सडक विस्तार तथा मर्मत कार्यको लागी बिभिन्न उपभोक्ता समितिसँग लागत अनुमान तयार गरी सोही बमोजिम सम्झौता गरी उक्त कार्य गराएकोमा लागत अनुमान तयार गर्दा प्राविधिकको सामान्य अड्कलको आधारमा साधारण माटो काट्ने, कडा माटो काट्ने, साधारण ढुङ्गा काट्ने, मध्यम ढुङ्गा काट्ने कामको परिमाण गणना गर्ने गरेको छ । तर यसरी सडक विस्तारको क्रममा निस्किएका ढुङ्गाहरुको अवस्थिति, उपयोग र आम्दानी सम्बन्धमा गाउँपालिका अनभिज्ञ रहेको पाईयो। तसर्थ देहायमा उल्लेख भएबमोजिम ग्याबियन जाली भर्ने र सडक सोलिङ्ग गर्ने कार्यमा जिल्ला दरमा लागत अनुमान तयार गरी भुक्तानीका बखत कटिङ्गबाट निस्किएका ढुंगाहरुको मुल्य समायोजन नगरी भुक्तानी दिएको देखिएकोले निर्माण कार्यमा बढी भुक्तानी हुन गएको छ । यसरी लागत अनुमान तयार गरी निर्माण कार्यमा व्ययभार पार्ने कार्यलाई मनासिब मान्न नसकिएको कारण देहायमा उल्लेखित ज्यामी ज्याला बाहेक ढुंगा प्रयोगसँग सम्बन्धित सम्पुर्ण रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु.

१९३७२५०

| योजनाको नाम | उ.स को नाम | कडा ढुंगा कटिङ्ग परिमाण (घन मी.) | ग्याबियन जाली भर्ने र सोलिङ्ग कार्यमा ढुंगा प्रयोग (घन मी.) | दर | असूल गर्नु पर्ने रकम |
|---|---|---|---|---|---|
| मध्यमार्गी सडक ६ गुसेश्वार खण्ड | मध्यमार्गी सडक ६ गुसेश्वार खण्ड उ.स | १०४०।९१ | ९११ | १०५० | ९५६५५०/- |
| मध्यमार्गि सढक खण्ड, प्रिती-६ | मध्यमार्गि सडक खण्ड, प्रिती उ.स | ९३४ | ९३४ | १०५० | ९८०७००/- |
| | | | | जम्मा | १९३७२५०/- |

